नेपाल नागरिक उड्डयन प्राधिकरण

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय

# प्रशासन महाशाखाको

## विभिन्न जनशक्तिहरुको सेवा प्राप्त गर्ने सम्बन्धी पून:सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति :- २०७६/११/०९)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको लागि उद्घोषक/उद्घोषिका ७ (सात) जना, टेलीफोन अपरेटर ८ (आठ) जना र हेल्पर ४ (चार) जना जनशक्तिहरुको सेवा आपूर्ति गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्नेगरी सार्वजनिक खरिद ऐंन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम सेवा करारमा लिनुपर्ने भएको हुँदा श्रमिक आपूर्तिकर्ताको इजाजत प्राप्त तथा सामाजिक सुरक्षा कोष अन्तर्गत सुचिकृत भएका सम्वन्धित निकायबाट इजाजत प्राप्त एवंम् मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको पून: सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**<u>बोलपत्र/प्रस्तावका मुख्य शर्तहरु</u>**

१. बोलपत्र/प्रस्तावदाताले उद्घोषक/उद्घोषिका ७ (सात) जना, टेलीफोन अपरेटर ८ (आठ) जना र हेल्पर ४ (चार) जना जनशक्तिहरुको सेवा आपूर्ति गर्नका लागि प्रतिस्पर्धा गर्न सक्नेछन ।

२. बोलपत्र/प्रस्ताव डकुमेण्ट्स खरिद गर्न शर्त नं. (१) मा उल्लेखित उद्घोषक/उद्घोषिका,टेलीफोन अपरेटर र हेल्परको लागि जम्मा रकम रु.३,३९०।- (तीन हजार तीन सय नब्बे) (मु.अ.कर सहित) यस कार्यालयको त्रि.अ.वि.स्थित राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालयको आम्दानी हिसाब नं. १६९००००१११०६ मा (पछि फिर्ता नहुने) नगद जम्मा गरी सो बैंक भौचर यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद, फर्म रजिष्ट्रेशनको अद्यावधिक प्रमाणपत्र, व्यवसाय सहयोग सेवा श्रमिक आपूर्तिकर्ताको इजाजत पत्र,सामाजिक सुरक्षा कोषमा रोजगारदाता सुचिकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा नियमानुसार २०७५।७६ को आय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन महाशाखाबाट बोलपत्र/प्रस्ताव खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र बोलपत्र सिलबन्दी गरी प्रशासन महाशाखामा दर्ता गर्नुपर्नेछ । यसका साथै उक्त बोलपत्र/प्रस्ताव सम्वन्धी सूचनाको जानकारी यस कार्यालयको website: www.tiairport.com.np बाट समेत Download गरी हेर्न सकिनेछ ।

३. बोलपत्र डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र बोलपत्र डकुमेन्ट्स खरिद गर्न सकिनेछ । बोलपत्र डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेभित्र बोलपत्र डकुमेन्ट्स दाखिला गर्नु पर्नेछ । उक्त दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयभित्र दाखिला गर्न सकिनेछ । खामको बाहिर बोलपत्रदाताको नाम,ठेगाना र कामको शिर्षक स्पष्ट रुपमा उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरेको हुनुपर्नेछ ।

४. म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो २:०० बजे यस कार्यालयको प्रशासन महाशाखामा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन । ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएको तथा रित नपुगेको वा कुनै शर्त उल्लेख भई आएको शिलबन्दी बोलपत्र मान्य हुने छैन ।

५. बोलपत्र डकुमेण्ट्सको सम्वन्धमा छलफल गर्न सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०७६।११।१६ गते दिनको १:०० बजे यस कार्यालयको प्रशासन महाशाखामा प्रि-बिड मिटिङ्ग हुनेछ ।

६. बोलपत्रसाथ बोलपत्रदाताले धरौटी वापतको रकम रु.२,११,०००।-(दुई लाख एघार हजार मात्र) त्रि.अ.वि.स्थित राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय गौचरमा रहेको यस कार्यालयको धरौटी खाता नं. १६९०००००१००६ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी गरिएको शिलबन्दी बोलपत्र खोल्ने मिति देखि कम्तिमा ४ महिना अर्थात १२० (एक सय वीस) दिन मान्य अवधि भएको बैंक जमानीपत्र (Bid Bond) पेश गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टिमा परिणत गर्न पाइने छैन । स्वीकृत बोलपत्रदाताले नियमानुसार कार्य सम्पादन जमानत राखी सम्झौता गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८. प्रदान गर्नुपर्ने सेवा सम्बन्धी योग्यता, अन्य शर्तहरु कार्यालयबाट विक्री हुने सिलबन्दी बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

९. बोलपत्रदाताले बोलपत्रको Bill of Quantities फाराममा के कति सेवा शुल्क लिई सेवा पु¥याउने हो ? सो उल्लेख गर्नुपर्नेछ । यस्तो सेवा शुल्क रकम सेवा करारमा काम गर्ने जनशक्तिको कुल पारिश्रमिक रकमको ५ प्रतिशतमा नबढने गरी मात्र उल्लेख गर्नु पर्नेछ । सो भन्दा बढी प्रतिशत उल्लेख भएको बोलपत्र मान्य हुने छैन ।

१०. रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम, सिलबन्दी बोलपत्र डकुमेन्ट्स तथा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।